श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "वाणिज्य बैंक (तेस्रो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वाणिज्य बैंक ऐन, २०३१ को दफा १२ मा संशोधनः वाणिज्य बैंक ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा १२ को,–

(१) खण्ड (घ) मा रहेको "चालू पूंजीको लागि भए बढीमा दुई वर्षसम्मको भाखामा र स्थीर पूंजीको लागि भए बढीमा दश वर्षसम्मको भाखामा"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८

भन्ने वाक्यांशको सट्टा "अल्पकालीन प्रकृतिको चालू पूंजीको लागि भए बढीमा दुई वर्षसम्मको भाखामा र स्थीर पूंजी तथा मध्यकालीन वा दीर्घ-कालीन प्रकृतिको चालू पूंजीको लागि भए बढीमा बाह्र वर्षसम्मको भाखामा" भन्ने वाक्यांश राखिएको छ ।

(२) खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांश (२) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (२) राखिएको छः–

"(२) अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन अवधि तथा उक्त अवधिको लागि दिइने कर्जाको अधिकतम हद राष्ट्र बैंकले तोकेबमोजिम हुनेछ ।"

(३) खण्ड (ङ) मा रहेको "बढीमा तीन वर्षसम्मको भाखामा" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल ऐनको दफा ४१ मा संशोधनः मूल ऐनको दफा ४१ को,–

(१) उपदफा (२क) पछि देहायको उपदफा (२ख) थपिएको छः–

"(२ख) यस ऐनबमोजिम बैंकको गोपनियता कायम राख्नु पर्ने कर्तव्य भएको कुनै व्यक्तिले दफा ४८ को बखिलाप हुने गरी गोप्यता भङ्ग गरेमा निजलाई तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"

(२) उपदफा (३) मा रहेको "उपदफा (१), (२) र (२क)" भन्ने शब्दहरूको सट्टा "उपदफा(१),(२),(२क)र(२ख)"भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ४८ मा संशोधनः मूल ऐनको दफा ४८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः–

"(४) बैंकमा संकेत प्रयोग गरी सञ्चालन गरिने विदेशीहरूको विदेशी मुद्राको निक्षेप खाताको सांकेतीकरण गर्ने अधिकार बैंकका मुख्य व्यवस्थापक वा मुख्य कार्यकारिणी अधिकारीलाई मात्र हुनेछ । निजले त्यस्तो सांकेतीकरण गर्दा संकेतसम्बन्धी गोप्यता भङ्ग नहुने गरी आफ्नो जवाफदेहीमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । यस प्रकारको संकेत प्रयोग गरिराखेको निक्षेप खातासम्बन्धी गोप्यता भङ्ग हुने गरी तोकिएको अवस्थामा बाहेक कुनै अदालत वा निकायलाई कुनै विवरण दिन बैंक बाध्य हुनेछैन ।"

लालमोहर सदर मितिः– २०४२।६।२३।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८